जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

वर्ष १३ • अंक १७६ • २०८३ बैशाख ४ गते शुक्रवार • 17 Apr. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## सांसद निनु कर्णद्वारा मधेश प्रदेशमा देखिएका बहुआयामिक समस्याप्रति संघीय सरकारको ध्यानाकर्षण

जलेश्वरटुडे समाचारदाता
धनुषा, ३ बैशाख

नेपाली कांग्रेसकी समानुपातिक सांसद निनु कर्णले मधेश प्रदेशमा देखिएका बहुआयामिक समस्याप्रति संघीय सरकारको ध्यानाकर्षण गराएकी छन् । उनले आफू समानुपातिक प्रतिनिधित्वमार्फत संघीय संसदमा पुगेको उल्लेख गर्दै प्रत्यक्ष र समानुपातिक सांसदबीच कुनै प्रकारको विभेद नगर्न सरकारसँग आग्रह गरिन् ।



प्रधानमन्त्रीलाई 'राष्ट्रको अभिभावक' भन्दै सम्बोधन गरेकी सांसद कर्णले मधेश प्रदेशमा खानेपानी संकट, सीमा क्षेत्रमा हुने कर तथा प्रशासनिक अवरोध, लागूऔषध दुर्व्यसन, महिला तथा किशोरीमाथि हुने हिंसा, ट्राफिक अव्यवस्था तथा दहेज प्रथाजस्ता सामाजिक विकृतिहरू गम्भीर चुनौतीका रूपमा रहेको बताइन् । उनले विशेषगरी गर्मी याम सुरु भएसँगै मधेशमा खानेपानीको समस्या विकराल बन्ने गरेको उल्लेख गर्दै चुरे क्षेत्रको वन विनाश, भू-जल स्रोतको क्षय तथा अव्यवस्थित वन उपयोगका कारण समस्या झनै बढिरहेको दाबी गरिन् । तत्काल समाधानका लागि दीर्घकालीन नीति आवश्यक रहेको उनको भनाइ थियो ।

सीमा क्षेत्रमा घरायसी सामग्री खरिदमा सर्वसाधारणलाई करको नाममा भइरहेको अवरोधले जनजीवन प्रभावित भएको उल्लेख गर्दै उनले सम्बन्धित निकायलाई तत्काल समस्या समाधान गर्न आग्रह गरिन् । त्यस्तै, सडक तथा यातायात व्यवस्थापनमा देखिएको लापरबाहीप्रति चिन्ता व्यक्त गर्दै उनले विद्यालय तहका बालबालिकाले समेत सवारी साधन चलाउने, ट्राफिक नियमको उल्लंघन, ओभरलोड र तीव्र गतिका कारण दुर्घटना बढिरहेको बताइन् । सवारी अनुमति प्रणालीमा कडाइ गर्न उनले सरकारसँग माग गरिन् । विद्यालय तथा क्याम्पसहरूमा लागूऔषध दुर्व्यसन बढ्दै गएकोप्रति पनि उनले गम्भीर चिन्ता व्यक्त गर्दै यसले समाजमा हिंसात्मक घटना वृद्धि गरिरहेको उल्लेख गरिन् । साथै, छात्राहरूका लागि विद्यालयमा सुरक्षित शौचालयको अभाव रहेको विषय पनि उनले उठाइन् । त्यसैगरी, आमाको नामबाट नागरिकता प्राप्तिमा अझै पनि मधेशमा समस्या रहेको उल्लेख गर्दै उनले नीतिगत सुधार आवश्यक रहेको धारणा राखिन् ।

उनले सामाजिक विकृति अन्त्य गर्दै नैतिक, संस्कारयुक्त र मानवतामूलक समाज निर्माणमा राज्यको सहयोग अपरिहार्य रहेको बताउँदै सरकारसँग प्रभावकारी पहलको अपेक्षा व्यक्त गरिन् ।

## यस वर्ष पनि भव्यताका साथ जानकी जन्म महामहोत्सव २०८३ मनाइने




जलेश्वरटुडे समाचारदाता
धनुषा, ३ बैशाख

प्राचीन धार्मिक नगरी जनकपुरधामस्थित जानकी मन्दिरमा यस वर्ष पनि भव्यताका साथ जानकी जन्म महामहोत्सव २०८३ मनाइने भएको छ ।

वैशाख ५ गतेदेखि १२ गतेसम्म सञ्चालन हुने यस महोत्सवमा विविध धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरू आयोजना गरिनेछन् । जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास श्रीवैष्णवले महोत्सवको सन्दर्भमा भने, 'यो महोत्सव धार्मिक अनुष्ठान मात्र नभई मिथिलाको सांस्कृतिक पहिचान, आस्था र सामाजिक एकताको प्रतीक हो । सम्पूर्ण श्रद्धालुहरूलाई परिवारसहित उपस्थित भई पुण्य आर्जन गर्न म हार्दिक आग्रह गर्दछु ।'

उनका अनुसार महोत्सव अवधिभर प्रत्येक दिन अपराह्न ४ बजेदेखि मन्दिर प्राङ्गणमा श्री रामकथा वाचन गरिनेछ । त्यसमा स्वदेश तथा विदेशबाट आएका श्रद्धालुहरूको उल्लेखनीय सहभागिता रहने विश्वास गरिएको छ । त्यसैगरी प्रत्येक दिन साँझ ७ बजेदेखि मन्दिरको गर्भगृहमा जन्म बधाई गान तथा सांस्कृतिक कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ ।




GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence

खोप लगाऔं, रोगबाट बचौं र बचाऔं ।
- सबै बालबालिकालाई तोकिएको समयतालिकाअनुसार खोप लगाऔं ।
- नवजात शिशुदेखि किशोर अवस्थासम्म आवश्यक सबै खोप दिऔं ।
- गर्भवती महिलाले पनि आवश्यक खोप समयमै लगाऔं ।
- खोप लगाउँदा स्वास्थ्यकर्मीको सल्लाह र निर्देशन पालना गरौं ।
- खोप कार्ड अद्यावधिक गरी सुरक्षित राखौं ।
- नजिकको स्वास्थ्य संस्थामा उपलब्ध निःशुल्क खोप सेवाबारे जानकारी लिऔं ।
- समुदायमा खोपप्रति सकारात्मक सोच विकास गरौं ।
- खोप सुरक्षित, प्रभावकारी र जीवनरक्षक हुन्छ भन्ने जानकारी दिऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रकाशको सुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय..................

### बालेन सरकारको चौतर्फी आलोचना

प्रधानमन्त्री बालेन्द्र सरकारको चौतर्फी आलोचना हुन थालेको देखिन्छ । आलोचनाको क्षेत्र एउटै नभएर अनेक रहेको देखिन्छ। किनभने नयाँ सरकारले शिक्षा क्षेत्र सुधारको लागि ल्याएका सम्पूर्ण योजनाहरु राम्रा भए छन् तर त्यसका व्यवहारीक तथा कार्यान्वयन पक्ष यति धेरै चुनौतिपूर्ण देखिएको छ की नीजि तथा सरकारी क्षेत्रमा अन्योलता छाएको देखिन्छ। विद्यार्थीदेखि अभिभावकसम्म तथा विद्यालयका संचालक देखि अन्य सम्बन्धीत सरोकारवालाहरुसम्म । यति मात्र होइन नेपाल सरकारले नीजि सञ्चारक्षेत्र माथि लगाएको अंकुशले सम्पूर्ण पत्रकारीता क्षेत्र नराम्ररी प्रभावित भएको छ । नेपाल सरकारका कार्यालयहरुसँग गोरखापत्रसँग न कुनै पहुँच छ न त कुनै सम्पर्क नम्बर नै। अर्थात नीजि क्षेत्रलाई सूचना दिन रोक लगाएपछि नीजि सञ्चारक्षेत्र ध्वस्त हुने अवस्थामा आइसकेको देखिन्छ । लोककल्याणकारी विज्ञापन समेत आउदो श्रावणदेखि बन्द हुने भएकोले सञ्चारक्षेत्रलाई चलाउन अब नसक्ने देखिन्छ । नेपाल भारतको सिमावर्ति क्षेत्रहरुमा मात्र १०० रुपैयाँसम्मका सामानहरु भन्सार नकटाई ल्याउन सक्ने र सो भन्दा बढीको भए भन्सार कटाउनुपर्ने भएकोले नेपालमा झन सामानहरुको मुल्य आकाशिएको छ। जसले गर्दा सर्वसाधारणको जिवन ज्यादै नै असहज भएको देखिन्छ । सुरक्षा चुनौति समेत बढेको देखिन्छ। किनभने अहिले एउटै गाउँमा एकै दिन ३।३ ठाउँहरुमा चोरी तथा डकैतिका घट्नाहरु बढन थालेका देखिन्छन् । यो सरकारले अहिलेसम्म जनताको लागि राहत दिने योजना ल्याउनु भन्दा निर कुशता लादेको देखिन्छन् ।साथै घण्टीलाई भोट दिनेहरु अहिले पश्चाप गरिरहेको समेत पाइएकोले यस सर कारले जनताको लागि राहत योजना तथा आलोचनाहरुको जवाफ दिनुपर्ने देखिन्छ।

# विपद् व्यवस्थापन समिति महोत्तरीको बैठक सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ३ बैशाख**

जिल्ला विपद् व्यवस्थापन समिति महोत्तरीको बैठकले नदी नियन्त्रण, पूर्वाधार सुरक्षा, मनसुन तयारी तथा स्थानीय तहको समन्वय सुदृढीकरण लगायतका महत्वपूर्ण ११ बुँदे निर्णय गरेको छ । बिहीबार बसेको बैठकले रामगोपालपुर नगरपालिका वडा नं. ५ मा रहेको सरकारी कित्ता नं. ८१ (एक विगहा) जग्गा आधारभूत अस्पताल निर्माणका लागि उपयोग गर्न सकिने निष्कर्ष निकाल्दै उक्त जग्गा विपद् व्यवस्थापन प्रयोजनका लागि आवश्यक नपर्ने निर्णय गरेको छ।

सरकारी जग्गा उपयोग तथा लिज कार्यविधि २०७९ बमोजिम प्रक्रिया अघि बढाइने जनाइएको छ । रातु नदीको राजमार्ग उत्तर-दक्षिण दुवै क्षेत्रमा तटबन्ध अभावका कारण उच्च जोखिम देखिएकाले आवश्यक तटबन्ध निर्माणका लागि सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना धनुषालाई अनुरोध गर्ने



निर्णय गरिएको छ। साथै, बाढी नियन्त्रण तथा नदी व्यवस्थापनका लागि संघीय निकायमा बजेट सिफारिस गर्ने पनि निर्णय भएको छ । कमला-ढल्केबर-पथलैया सडक योजना (पूर्वी खण्ड) सम्बन्धमा पुल क्षेत्रमा नदीजन्य पदार्थ थुप्रिँदा पानी निकास अवरुद्ध भई जोखिम बढेको निष्कर्ष निकाल्दै सम्बन्धित निकायसँग समन्वय गरी विस्तृत IEE अध्ययन गरेर अवरोध हटाउने निर्णय गरिएको छ । सडक विस्तारसँग सम्बन्धित रुख कटान, विद्युत् पोल स्थानान्तरण तथा माटो आपूर्तिमा स्थानीय तह र वन कार्यालयले सहजीकरण गर्ने निर्णयसमेत भएको छ। बैठकले विपद् जोखिमका कारण तत्काल स्थानान्तरण आवश्यक पर्ने घरधुरीको सुरक्षा सुनिश्चित गर्दै स्थानान्तरण प्रक्रिया अघि बढाउने, विद्यालय मार्फत विपद् पूर्वसूचना तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने र नियमित कृत्रिम घटना अभ्यास गर्ने व्यवस्था मिलाउने निर्णय गरेको छ।

त्यसैगरी, स्थानीय तह, सुरक्षा निकाय, सञ्चार माध्यम तथा नागरिक समाजसँग समन्वय गरी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, विपद् व्यवस्थापन कोषको मौज्दात रु. २ करोड ४४ लाखभन्दा बढी रहेको जानकारी गराउने र आवश्यक सामग्री आपूर्तिका लागि विभिन्न निकायसँग समन्वय गर्ने निर्णय गरिएको छ। बैठकले (DPRP - District Preparedness and Response Plan) अद्यावधिक गर्न रतौली युवा क्लबलाई जिल्ला प्रमुख संस्था (DLA) को रूपमा तोक्दै २०८३ असार मसान्तभित्र योजना तयार गरी सार्वजनिक गर्ने निर्णय पनि गरेको छ।

त्यस्तै, मनसुन प्रतिकार्य योजना निर्माण, विपद् सामग्रीको अद्यावधिक विवरण, आवश्यक थप सामग्रीको सूची तयार गर्ने र स्थानीय तह तथा प्रदेश सरकारसँग समन्वय गर्ने निर्णय पनि बैठकले गरेको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको निर्देशन अनुसार खुला क्षेत्र, हेलिप्याड, गोदामघर, एम्बुलेन्स लगायतका विवरण तीन दिनभित्र अद्यावधिक गर्ने, आपत्कालीन सम्पर्क बोर्ड राख्ने, स्वयंसेवक विवरण प्रणालीमा प्रविष्ट गर्ने तथा जोखिमयुक्त सडक पहिचान गर्ने निर्णयसमेत गरिएको छ । बैठकले विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन सबै निकायको समन्वय, पूर्वतयारी र तत्काल प्रतिकार्य क्षमतालाई सुदृढ गर्ने निष्कर्ष निकालेको छ।

# नागरिकहरूको समस्या समाधानलाई सहज बनाउन झाद्वारा नयाँ पहल

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ३ बैशाख**

धनुषा जिल्ला प्रशासन कार्यालय तथा जिल्ला प्रहरी कार्यालयमा सेवा लिन आउने सर्वसाधारण नागरिकहरूको समस्या समाधानलाई सहज बनाउन प्रतिनिधि सभा सदस्य मनिष झाले नयाँ पहल सुरु गरेका छन्। सेवाग्राही र सेवाप्रदायकबीच देखिने दूरी घटाउने तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यसहित उनले सहजीकरण कार्यक्रम सञ्चालनमा ल्याएका हुन् । धनुषा-३ बाट निर्वाचित सांसद झाले जनप्रतिनिधिको जिम्मेवारीलाई व्यवहारमा उतार्दै प्रशासनिक निकायहरूमा प्रत्यक्ष उपस्थित भई नागरिकका गुनासा सुन्ने र तत्काल समाधानका लागि सम्बन्धित अधिकारीसँग समन्वय



गर्ने कार्यको थालनी गरेका छन्। यस पहलले सरकारी सेवा लिन आउने सेवाग्राहीलाई लामो समयसम्म धाउनुपर्ने बाध्यता अन्त्य हुने विश्वास गरिएको छ।

कार्यक्रम अन्तर्गत प्रत्येक महिनाको पहिलो सातामा जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा सहजीकरण गरिने जनाइएको छ। सो क्रममा नागरिकहरूले भोगिरहेका विविध समस्याहरू नागरिकता, राहदानी, शान्ति सुरक्षा, निवेदन दर्ता लगायतका विषयमा देखिएका जटिलता प्रत्यक्ष रूपमा उठाउन पाउनेछन् । सांसद झाले सेवा प्रवाहमा पारदर्शिता, छिटोपन र जवाफदेहितालाई सुनिश्चित गर्न यस्तो अभ्यास आवश्यक भएको बताए । 'जनताले सहज र सम्मानजनक सेवा पाउनुपर्छ भन्ने हाम्रो मूल लक्ष्य हो,' उनले भने, 'सरकारी कार्यालयप्रति नागरिकको विश्वास बढाउन प्रत्यक्ष सहजीकरण प्रभावकारी माध्यम बन्न सक्छ ।' उनका अनुसार प्रशासनिक प्रक्रियामा देखिने झन्झट, अनावश्यक ढिलाइ तथा सूचनाको अभावका कारण सेवाग्राहीले सास्ती खेप्नुपरेको गुनासो व्यापक रूपमा आउने गरेको छ। त्यसैले जनप्रतिनिधिको भूमिकामार्फत यस्ता समस्या न्यूनीकरण गर्न पहल गरिएको उनले स्पष्ट पारे। जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयका प्रमुखहरूले समेत यस पहललाई सकारात्मक रूपमा लिएका छन्। सेवाग्राहीसँग प्रत्यक्ष संवाद हुँदा समस्या पहिचान गर्न र समाधानका उपाय खोज्न सहज हुने उनीहरूको भनाइ छ।

ग्रामीण क्षेत्रबाट आउने सेवाग्राहीहरूले समय, खर्च र प्रक्रियागत जटिलताका कारण ठूलो कठिनाइ भोग्दै आएका छन् । यस्तो अवस्थामा जनप्रतिनिधिको प्रत्यक्ष उपस्थितिले उनीहरूलाई राहत मिल्ने विश्वास व्यक्त गरिएको छ।

## तपाईंको टुडे

मेष: पढाईमा ध्यान दिनुपर्ने
वृष: अनावश्यक खर्चको संभावना
मिथुन: लामो यात्राको योग छ
कर्कट: मनमा पछुतो आउने
सिंह: पिछडेको साथी मिल्ने
कन्या: अशुभ समाचार प्राप्त हुने
तुला: आम्दानी हुने
वृश्चिक: खानपानमा समस्या आउने
धनु: अनावश्यक चिन्ता
मकर: विचार गरेर बोल्नुहोला
कुम्भ: मित्रतामा फाटो आउने
मीन: शुभ कार्यको शुरुवात




## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : बिहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलवार कुट्टिको बिचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


##  आवश्यक टेलिफोन नम्बरहरु 

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्बरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महावीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०७:३० बजे

# बेलायतले गर्‍यो युक्रेनलाई सहयोगको घोषणा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३ बैशाख**



युक्रेनमाथि जारी रूसी आक्रमणविरुद्धको आत्मरक्षामा सघाउन बेलायतले एक लाख २० हजारभन्दा बढी ड्रोन उपलब्ध गराउने ठूलो सहयोग प्याकेज घोषणा गरेको छ ।

यस सहयोग मार्फत युक्रेनको सैन्य क्षमता बलियो बनाउनुका साथै बेलायतभित्रै आर्थिक विकास र रोजगारीका नयाँ अवसरहरू सिर्जना गर्ने लक्ष्य राखिएको छ । बेलायतका रक्षा सचिव जोन हेलीले युक्रेन रक्षा सम्पर्क समूहको ३४औं बैठकका लागि बर्लिन पुगेका बेला यो प्याकेज सार्वजनिक गरेका हुन् ।

उक्त बैठकमा जर्मनीका रक्षा मन्त्री बोरिस पिस्टोरियस, युक्रेनी रक्षा मन्त्री मिखाइलो फेडोरोभ र नेटो महासचिव मार्क रुटसहित ५० देशका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । सहयोग प्याकेजमा लामो दूरीको स्ट्राइक ड्रोन, टोही तथा खुफिया ड्रोन र रसद समर्थन गर्ने ड्रोनहरू समावेश छन्, जसको ढुवानी प्रक्रिया समेत सुरु भइसकेको छ। यी ड्रोनहरूले युक्रेनको प्रतिआक्रमण अभियान र रूसी आक्रमण विरुद्धको रक्षामा महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ ।

यस लगानीको अधिकांश हिस्सा बेलायती कम्पनीहरू मार्फत परिचालन हुने भएकाले यसले युक्रेनको सार्वभौमिकता सुदृढ पार्नुका साथै बेलायतको घरेलु उद्योगमा रोजगारी बढाउन समेत योगदान पुग्ने देखिएको छ । रक्षा सचिव हेलीले यसलाई बेलायतले युक्रेनलाई प्रदान गरेको अहिलेसम्मकै ठूलो ड्रोन सहयोग भएको उल्लेख गर्दै लाखौं तोपका गोला र हजारौं हवाई रक्षा मिसाइलहरू समेत उपलब्ध गराउने कुराको पुष्टि गरे । यो सहयोग गत महिना बेलायत र युक्रेनबीच भएको नयाँ रक्षा साझेदारी सम्झौताको परिणाम स्वरूप आएको हो ।

यस सम्झौताको मुख्य उद्देश्य ड्रोन जस्ता कम लागत तर उच्च दक्षता भएका सैन्य प्रविधिहरूको विकासमार्फत विश्वव्यापी रक्षा क्षमतालाई सुदृढ पार्नु रहेको छ ।

# अनमोलले घोषणा गरे आगामी ५ प्रोजेक्ट

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३ बैशाख**



सुपरस्टार अनमोल केसीले आफ्ना आगामी ५ प्रोजेक्ट घोषणा गरेका छन् । उनले सामाजिक सञ्जालमा एक पोस्ट मार्फत फिल्म घोषणासँगै सृष्टिप्रति कृतज्ञता व्यक्त गरेका हुन् ।

आफू जोडिएको ५ फिल्मका कथा अर्थपूर्ण रहेको उनको भनाई छ। केसीका अनुसार अबका लागि उनका केही ठूला फिल्म परियोजनाहरू तयार भइसकेका छन् । जसमा 'बाटुलो जून', 'ए मेरो हजुर-५', 'बिफोर वि मेट' र ' जेरी: द लास्ट क्लाइम्ब'लगायत रहेका छन् । उनले घोषणा गरेको यीरु मध्ये 'बाटुलो जून' फिल्मकोरु छायाङ्कन सम्पन्न भइसकेको छ। यी उत्कृष्ट निर्माण टोली तथा प्रतिष्ठित ब्यानरसँग सहकार्य गर्न पाउँदा आफूलाई गौरवान्वित महसुस भएको उनले बताएका छन् । उनले आफ्ना दर्शक तथा शुभेच्छुकहरूप्रति आभार व्यक्त गर्दै विश्वभर रहेका दर्शकहरूको माया र समर्थन नै आफ्नो शक्ति भएको उल्लेख गरेका छन् ।

अभिनेता केसीले सबैलाई साथ दिन आग्रह गर्दै आउनुहोस्, सँगै इतिहास रचौं' भन्ने सन्देशसमेत दिएका छन् । यसैबिच, अनन्या फिल्म्सले २०८२ को सुपरहिट फिल्म 'जेरी अन टप' को सिक्वेल 'जेरी: द लास्ट क्लाइम्ब' मा अनमोल केसी अनुबन्ध भएको जानकारी गराएको छ । सरोज न्यौपानेको निर्माणमा बन्ने यो फिल्म सुयोग गुरुङले निर्देशन गर्नेछन् ।

# नेपाली बास्केटबलको दायरा फराकिलो बनाउँदै एचजेएनबीएल

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३ बैशाख**




नेपाली बास्केटबलका लागि वर्ष २०८२ मिश्रित रह्यो । यस वर्ष अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाल सहभागी नभएपनि राष्ट्रिय स्तरमा भने प्रतियोगिताहरू आयोजना भए ।

विशेषगरी वर्षको अन्तिममा एक महिना भन्दा बढी अवधी सञ्चालन भएको हिमालयन जाभा नेशनल बास्केटबल लिग ( एचजेएनबीएल) ले नेपाली बास्केटबललाई फेरि 'रिभाइभ' गर्ने प्रयास गरेको छ । कुनै समयमा काठमाडौंको कलेज, स्कुलमा चर्चामा रहने बास्केटबल बीचमा केही हराएको जस्तो भएको थियो । तर अब विस्तारै बास्केटबल खेलले पनि लय समात्ने प्रयास गरेको छ र त्यसको लागि नेपाल बास्केटबल संघ (नेबा) ले हिमालयन जाभासँग सहकार्य गरेर सुरु गरेको बास्केटबल लिगले आधार बनाउने प्रयास गरेको छ । गत वर्ष हिमालयन जाभा बास्केटबल लिग (एचजेबीएल) को नामबाट सुरु हुँदा उपत्यकाभित्रका मात्र टिमहरू समावेश भएपनि यसपटक भने नेपाल बास्केटबल संघले क्वालिफायर्स प्रतियोगिता आयोजना गर्दै नेशनल बास्केटबल लिग (एचजेएनबीएल) को नाममा आयोजना गरेको हो । यसमा उपत्यका बाहिरबाट पनि बास्केटबल क्लबहरू समावेश गर्ने लक्ष्यसहित दायरलाई फराकिलो बनाइएको नेबा अध्यक्ष भिमसिंह गुरुङ बताउँछन् । 'सुरुमा हामीले बास्केटबल लिग भनेर आयोजना गरेका थियौं । त्यसमा ६ टोली मात्र सहभागी थिए ।

तर यस पटक हामीले देशभरबाट क्लबहरूलाई समावेश गर्ने लक्ष्यसहित हामीले क्वालिफायर्स प्रतियोगिता समेत आयोजना गर्‍यौं र लिगको दायरा समेत बढायौं' गुरुङले भने, 'यसपटक हामीले हिमालयन जाभा नेशनल बास्केटबल लिग नाम राख्दै टिम संख्या बढाएर ८ पुर्‍यायौं ।'

# ऊर्जामन्त्री श्रेष्ठले जारी गरे ३२ बुँदे कार्ययोजना र निर्देशन

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३ बैशाख**



ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री विराजभक्त श्रेष्ठले ऊर्जा र जलस्रोत क्षेत्रमा व्यापक सुधारका लागि समय सीमासहितको ३२ बुँदे विस्तृत कार्ययोजना र निर्देशन जारी गरेका छन् ।

मन्त्रालयमा आयोजित कार्यक्रममा मन्त्री श्रेष्ठले यो निर्देशन केवल औपचारिकताका लागि नभई आगामी नीति र कार्यक्रमको मार्गचित्र भएको स्पष्ट पार्दै तोकिएको समयभित्र कार्यसम्पादन पूरा गर्न मातहतका निकायलाई कडा निर्देशन दिए । जारी निर्देशनअनुसार विद्युत् क्षेत्रको सुधारका लागि विद्युत् नियमन आयोगलाई ३० दिनभित्र 'व्हिलिङ चार्ज' निर्धारण गरी 'ओपन एक्सेस' प्रणाली लागू गर्न भनिएको छ, जसले निजी क्षेत्रलाई पनि विद्युत् कारोबारमा सहभागी गराउनेछ । यस्तै, नेपाल विद्युत् प्राधिकरणलाई सबै पीपीए ( विद्युत् खरिद सम्झौता) को विवाद र आयोजनाहरूको अवस्था वर्गीकरण गरी प्रतिवेदन बुझाउन निर्देशन दिइएको छ। निजी क्षेत्रलाई जलाशययुक्त आयोजनामा आकर्षित गर्न अनुमतिपत्रको अवधि ५० वर्ष पुऱ्याउने नीति समेत ल्याइने भएको छ । पारदर्शिताका लागि विद्युत् विकास विभागले ६० दिनभित्र सबै जलविद्युत् आयोजनाको अनुमतिपत्र र प्रगतिको विवरण सार्वजनिक गर्नुपर्नेछ भने मासिक रूपमा अद्यावधिक हुने 'लाइसेन्स पर्फर्मेन्स ड्यासबोर्ड' स्थापना गरिनेछ ।

अब प्रसारण पूर्वाधारको सुनिश्चितता भएपछि मात्र नयाँ निर्माण अनुमतिपत्र जारी हुने व्यवस्था गरिएको छ ।

# सरकारी अस्पतालमा अब शनिबार र आइतबार ओपीडी सेवा बन्द

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३ बैशाख**



स्वास्थ्य क्षेत्रमा क्रियाशील १४ वटा संयुक्त पेसागत संगठनको चर्को दबाबपछि सरकारले अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा पनि साताको दुई दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ ।

सरकारको निर्णयसँगै अब देशभरका सरकारी अस्पतालहरूमा शनिबार र आइतबार नियमित ओपिडी सेवा बन्द रहनेछ । तर, आकस्मिक तथा अन्तरंग (इनडोर) सेवाहरू भने पहिलेझैं २४ सै घण्टा सञ्चालनमा रहने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । स्वास्थ्य मन्त्री निशा मेहता, स्वास्थ्य सचिव डा. विकास देवकोटा र १४ वटा पेसागत संगठनका प्रतिनिधिबीच मन्त्रालयमा भएको छलफलपछि सरकारले यो निर्णयमा लचकता देखाएको हो । मन्त्रालयका स्रोतका साताको दुई दिन बिदा गर्ने सहमति भइसकेको छ । 'स्वास्थ्य मन्त्रालय र पेशा संगठनबीच भएको सहमतिमा शनिबार र आइतबार बिदा गर्ने सहमति भएको छ,' मन्त्रालय स्रोतले भन्यो, 'मन्त्रालय प्रेस विज्ञप्ति नै निकाल्न लागेको छ । केही समयमा औपचारिक निर्णय बाहिर आउँछ ।' दुई दिन ओपिडी सेवा बन्द हुने भएपछि सरकारले आकस्मिक सेवाको क्षमता भने थप विस्तार गर्ने तयारी गरेको मन्त्रालय स्रोतले जनाएको छ । नेपाल चिकित्सक संघका अध्यक्ष डा. अनिलविक्रम कार्कीको संयोजकत्वमा रहेको दबाब समूहले स्वास्थ्यकर्मी पनि अन्य सरकारी कर्मचारीसरह दुई दिन बिदाको हकदार हुनुपर्ने माग गर्दै आएको थियो । उनीहरूले बढ्दो कार्यबोझ र मानसिक तनावलाई कारण देखाउँदै आन्दोलनको चेतावनीसमेत दिएका थिए । यसअघि मन्त्रिपरिषद्ले २०८२ चैत २२ गते सबै सरकारी कर्मचारीलाई सातामा दुई दिन बिदा दिने निर्णय गरेको थियो । तर, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अस्पतालहरूमा आइतबार पनि ओपिडी सेवा सञ्चालन गर्न निर्देशन दिएपछि स्वास्थ्यकर्मीहरू असन्तुष्ट बनेका थिए ।

# शिक्षा मन्त्रालयलाई बडिमालिकाको पत्र : दुई दिन बिदाले विद्यार्थीको पठन-पाठन प्रभावित हुन्छ

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३ बैशाख**



बाजुराको बडिमालिका नगरपालिकाले सामुदायिक विद्यालयहरूको बिदा व्यवस्थापन सम्बन्धमा नीतिगत स्पष्टता माग गर्दै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई औपचारिक पत्राचार गरेको छ ।

संघीय सरकारले सातामा दुई दिन ( शनिबार र आइतबार) सार्वजनिक बिदा लागु गर्ने निर्णय गरेपछि विद्यालयको वार्षिक न्यूनतम २२० शैक्षिक दिन पूरा गर्न कठिन भएको भन्दै नगरपालिकाले हप्तामा एक दिन मात्रै बिदा कायम गर्न उपयुक्त हुने सुझाव दिएको छ ।

नगर प्रमुख अमर खड्काले मन्त्रालयका सचिवलाई सम्बोधन गर्दै पठाएको पत्रमा हालको दुई दिने बिदा प्रणाली, चाडपर्व तथा प्रशासनिक बिदाहरूका कारण विद्यालयमा वास्तविक पठन-पाठन दिन उल्लेखनीय रूपमा घट्दै गएको उल्लेख गरेका छन् ।

यसले शैक्षिक गुणस्तर, विद्यार्थीको सिकाइ उपलब्धि तथा नियमित अध्ययन प्रक्रियामा प्रत्यक्ष असर पारिरहेको नगरपालिकाको भनाइ छ।पत्रमा शिक्षा नियमावली, २०५९ को नियम ८४ (५) अनुसार एक शैक्षिक सत्रमा कम्तीमा २२० दिन विद्यालय सञ्चालन हुनुपर्ने स्पष्ट कानुनी व्यवस्था रहे पनि हालको बिदा संरचनाले उक्त व्यवस्था कार्यान्वयनमा व्यावहारिक समस्या सिर्जना गरेको जनाइएको छ ।

नगरपालिकाका अनुसार नगर प्रमुखको अध्यक्षतामा सम्पन्न प्रधानाध्यापकहरूको परामर्श बैठक, शिक्षा समितिको सिफारिस तथा कार्यपालिका बैठकबाट समेत स्थानीय शैक्षिक अवस्था, भौगोलिक जटिलता र सिकाइ वातावरणलाई मध्यनजर गर्दै बिदा व्यवस्थामा पुनर्विचार आवश्यक रहेको निष्कर्ष निकालेको छ ।

# दश वर्ष पर्खेर, अध्यादेशमा फर्केर : निजामती कानून




-संविधान जारी भएको दश वर्षसम्म पनि निजामती सेवा सम्बन्धी नयाँ ऐन बन्न नसकेको कारणले सेवा डेलिभरीमा समस्या देखिएको छ । सरकारले १३ चैत २०८२ मा संघीय निजामती सेवा ऐन ४५ दिनभित्र तर्जुमा गर्ने घोषणा गरेको छ र अध्यादेशबाट जारी हुने सम्भावना छ। निजामती सेवा ऐनले कर्मचारी वृत्ति विकास, सरुवा व्यवस्थापन, सेवा प्रवेश, कार्यसम्पादन मूल्यांकन र सेवा सुविधामा सुधार गर्ने व्यवस्था गर्नुपर्ने बताइएको छ । ३ असोज २०७२ मा संविधानसभाबाट नयाँ संविधान जारी गर्दा संसारभरका मित्रराष्ट्रले नेपाललाई बधाई दिए। संविधानमा व्यवस्था गरिएका कैयौं प्रावधानले यसलाई उत्कृष्ट संविधान बनाएको भन्दै देशभित्र र बाहिर समेत प्रशंसा भयो। यसरी चर्चा पाएको नयाँ संविधान अब तीव्र गतिमा कार्यान्वयनमा लैजाने प्रतिबद्धता राजनीतिक दलहरूले गरे। किनभने, संविधानको कार्यान्वयनसँग वर्षौंदेखि जोडिएका राजनीतिक अपेक्षा, आर्थिक समृद्धिका सपना जोडिएका थिए ।

संविधान कार्यान्वयन हुँदा मात्र नागरिकले डेलिभरीको महसुस गर्न पाउँथे। २००७ र त्यसयताका सबै साना-ठूला राजनीतिक आन्दोलन र संघर्षमार्फत राजनीतिक परिवर्तनका लागि कैयौं नागरिकले आफ्नो प्राण उत्सर्ग गरेका थिए। कैयौं अंगभंग, घाइते र बेपत्ता भएका थिए। यसरी कठिन संघर्षहरूबाट राजनीतिक परिवर्तनहरू प्राप्त गरेपछि पनि उनीहरूको मुहारमा खुसी आउन सकेन। कारण एउटै थियो, राजनीतिक परिवर्तनपछि बनेका सरकारले पनि डेलिभरी दिन सकेनन् । आखिर किन ? हामी कस्तो विडम्बना सामना गरिरहेका छौं भने नयाँ संविधान जारी भएको दश वर्षसम्म पनि निजामती सेवा सम्बन्धी नयाँ ऐन बन्न सकेन। नागरिकसमक्ष राज्यका सेवा-सुविधा डेलिभरी गर्न सबैभन्दा महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्नुपर्ने भूमिकामा रहेको निजामती प्रशासन सञ्चालनका लागि नयाँ ऐन नबनेपछि ३३ वर्ष पुरानो कानूनबाट घिसिँदै घिसिँदै निजामती सेवा चलिरह्यो ।

१३ चैत २०८२ मा गठित नयाँ सरकारले ४५ दिनभित्र संघीय निजामती सेवा ऐन तर्जुमा गर्ने घोषणा गरेको छ। संघीय संसद्का दुवै सदनको चालु अधिवेशन अन्त्य भएकोले संघीय निजामती सेवा ऐन नियमित प्रक्रियाबाट नभई अध्यादेशको बाटोबाट जारी हुनसक्ने सम्भावना देखिएको छ । यो सन्दर्भमा सरकारले केही विषयमा विशेष ध्यान दिन जरूरी छ। अध्यादेशको बाटोः निजामती विधेयक सरकारी विधेयक होइन। तर पनि विगतमा ऐन जारी हुन नसक्नुमा तत्कालीन संसद् भन्दा सरकारको बढी आलोचना भयो। वर्तमान सरकारले नयाँ कानून निर्माणको प्रक्रिया अघि बढाउँदै गर्दा निजामती सेवालाई थप व्यावसायिक, सेवामुखी, जनमुखी, परिणाममुखी, पारदर्शी र प्रविधिमैत्री समेत बनाउनेतर्फ विशेष ध्यान दिनुपर्छ । नियमित प्रक्रियाबाट निजामती विधेयक आउन नसकेपछि २०७५ मा अध्यादेश मार्फत कर्मचारी समायोजन ऐन ल्याइएको थियो। जसको जबरजस्त कार्यान्वयनले कर्मचारीहरूमा ठूलो विभेद सिर्जना गऱ्यो। ती विभेद र मर्काहरूको पुनरावलोकन सहित तीन तहको सरकार बीच कर्मचारीतन्त्रीय अन्तरसम्बन्ध कायम गर्दै निजामती सेवालाई कामयावी बनाउनुपर्नेछ । कामको उचित मूल्यांकन, पूर्वानुमानयोग्य वृत्ति-विकास र स्पष्ट तहगत अन्तरसम्बन्धले कर्मचारीमा उत्प्रेरणा बढाउन सकिन्छ । संसद्ले कानून तर्जुमा गर्दा राजनीतिक दल, प्रदेश र स्थानीय सरकार, सरोकारवाला पक्ष, विज्ञ प्रशासनविद्, जनता तथा सेवाग्राहीहरूसँग समेत खुला छलफल गर्ने तथा आवश्यक सल्लाह र सुझाव लिने गर्नुपर्छ। त्यसो गर्दा राम्रो कानून बन्ने, सबैले कानूनको अपनत्व लिने र कार्यान्वयन प्रभावकारी हुने हुन्छ। अध्यादेशमा संसदीय भूमिकामा संकुचन हुनुका साथै सरोकारवालासँग पर्याप्त छलफलको अभाव रहन्छ। तर यो विषय लामो प्रसव पीडामा गुज्रिरहेकोले संविधानको धारा ११४ बमोजिम तत्काल अध्यादेश जारी हुनुपर्ने विषय बनिसकेको छ ।

अध्यादेश जारी गर्दा संसद् लगायत सबै पक्षको सहभागिता, बहस, छलफल हुँदैन तर अध्यादेश जारी भएपछि बस्ने संसद् बैठकमा पेश हुनुपर्ने र ६० दिनभित्र दुवै सदनले स्वीकार गर्नुपर्ने संवैधानिक व्यवस्थाको कारण छलफलको गुञ्जायसै नहुने पनि होइन। यस सन्दर्भमा यहाँ निजामती कानूनमा समावेश हुनुपर्ने मुख्य विषयहरूलाई नितान्त व्यक्तिगत विचार र सुझावको रूपमा प्रस्तुत गरिएको छ । निजामती सेवाको गठनः नेपालको संविधानको धारा २८५ मा सरकारी सेवाको रूपमा संघीय निजामती सेवा उल्लेख भएको सन्दर्भमा ऐनको नाममा थप बहस गर्न जरूरी छैन। निजामती सेवा ऐन २०४९ मा विभिन्न १० वटा सेवा छन्। ती सेवाहरूलाई संविधानसम्मत ढाँचा अनुरुप बनाउन राज्यशक्तिको बाँडफाँट धारा ५७ का आधारमा १० सेवाहरूलाई भारतको अभ्यास जस्तै संघीय, केन्द्रीय र प्रादेशिक सेवामा विभाजन गर्न सकिन्छ। यसबाट तीन तहको सरकारमा कुन सेवाको कर्मचारीको भूमिका के रहने भन्ने स्पष्ट हुन्छ । वृत्ति विकास : वृत्ति विकास पूर्वानुमानयोग्य हुनुपर्छ । सेवा समूह अनुसार धेरै छिटो बढुवा र धेरै ढिलो बढुवाले कर्मचारीतन्त्रको उत्प्रेरणामा ह्रास ल्याइरहेकोले सबै सेवामा बढुवाको सम्भावित समयावधि समान हुने व्यवस्था गर्नुपर्छ। ज्येष्ठता र शैक्षिक योग्यताको भार घटाई बढुवालाई कार्यक्षमता र कार्यसम्पादन मूल्यांकनमा आधारित बनाउनुपर्छ। नकारात्मक सूचीमा नपरेकाहरूलाई व्याच बढुवा गर्ने प्रणाली अवलम्बन गर्नुपर्छ । कार्यसम्पादन मूल्यांकनः सरुवा व्यवस्थित गर्न हालको कानूनले पनि रोकेको छैन, तर कर्मचारी सरुवा सबैभन्दा आलोचित र विवादित बन्दै आएको छ। भनाइ नै छ- लोकसेवा पास गर्न सजिलो, सरुवा गर्न कठिनः हालको कार्यसम्पादन मूल्यांकन प्रणाली कर्मकाण्डी छ। हाजिर मात्र लगाउने कर्मचारीलाई पनि १०० प्रतिशत अंक प्रदान गरिन्छ। पुनरावलोकनकर्ताले कर्मचारीको काम हैन नाम समेत नचिनेर मूल्यांकन गरिरहेको अनौठो अभ्यास छ। कार्यविवरण दिने अभ्यास कमजोर छ, कार्यविवरण अनिवार्य गर्नुपर्छ। वार्षिक र अर्धवार्षिक रूपमा कार्यसम्पादन गरिन्छ। त्यसो नभई कार्यसम्पादन मूल्यांकन मासिक रूपमा गरिनुपर्छ । नवप्रवर्तनको विकास र अभ्यास गरेको तथा जटिल प्रकृतिको जिम्मेवारी सम्पादन गरेको आधारमा थप अंक प्रदान गर्ने व्यवस्था राख्नुपर्छ। अधिकृत कर्मचारीको हकमा मातहत कर्मचारी, समान तहका सहकर्मी र सेवाग्राहीबाट समेत गोप्य मूल्यांकन गर्नुपर्छ। नतिजामा समय र खर्च समेत हिसाब गरी समान जिम्मेवारीमा भएकाहरूमा समान सूचकका आधारमा मूल्यांकन गर्ने व्यवस्था राख्नुपर्छ । सेवा प्रवेश बिन्दुः निजामती सेवामा छड्के प्रवेशको व्यवस्थाले कर्मचारीले लोकसेवा तयारीमा धेरै समय खर्च गरे भन्ने आरोपमा आंशिक सत्यता छ। लोकसेवा तयारी गर्ने र गराउनेमा कर्मचारीहरूकै बोलवाला छ। तयारीकै लागि सुगममा सरुवा हुने प्रतिस्पर्धाले सरुवालाई अव्यवस्थित बनाउन भूमिका खेलेको छ। माथिल्लो तहहरूमा लिखित प्रतियोगिताबाट पदपूर्ति बन्द गर्नुपर्छ । उपसचिव र सहसचिव पदको खुला/आन्तरिक प्रतिस्पर्धाबाट हटाई शाखा अधिकृत र नायब सुब्बामा मात्र खुला पदपूर्ति गर्दा उचित हुन्छ । तहगत व्यवस्थाः प्रदेश र स्थानीय तहहरूमा अभ्यास भइसकेको तहगत व्यवस्थामा समेत एकरूपता ल्याउन श्रेणीलाई तहमा परिवर्तन गर्नुपर्नेछ। यसरी तहगत प्रणाली अवलम्बन गर्दा मुख्य सचिवको पद १४ तहमा रहने गरी अन्य पदहरूको सोही बमोजिम तह मिलान गरिनुपर्छ । तह ६, ८ र १० मा निकटतम तल्लो तहमा ५ वर्ष सेवा अवधि पूरा गरेकालाई तह वृद्धि गर्ने र बाँकी तहहरूमा रिक्त पदको संख्या अनुसार व्याच बढुवा गर्ने व्यवस्था हुनुपर्छ । तीन तह सम्बन्धः संविधानको धारा ३०२ अनुसार तीन तहको सरकारमा कर्मचारी व्यवस्थापन कर्मचारी समायोजन ऐन मार्फत भएको हो । प्रदेश र स्थानीय तहमा समायोजन भएका सबै कर्मचारीलाई संघीय निजामती सेवामा वृत्ति विकासमा समान अवसर हुनुपर्छ। पुनः एकपटकका लागि प्रदेश र स्थानीय तहमा समायोजन हुने व्यवस्था राखिनुपर्छ । यसले प्रमुख प्रशासकीय अधिकृत र प्रदेश सचिव तत्काल प्रदेशबाटै व्यवस्था गर्न सकिन्छ ।

प्रदेशको प्रमुखसचिव तह १३ संघीय निजामती सेवाको पद रहनुपर्छ। प्रदेश सचिव र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत प्रदेश निजामती सेवाको कर्मचारी रहनुपर्छ। संघीय निजामती सेवाको तह ७ मा नियुक्ति गर्दा प्रदेश र स्थानीय सेवामा ५ वर्ष अनुभव पूरा गरेकाहरूबाट कम्तीमा ५० प्रतिशत अन्तर तह प्रतिस्पर्धाको व्यवस्था गर्नुपर्छ। यसले प्रदेश र स्थानीय तहमा सेवा प्रवेश गर्ने र अनुभव लिने लहर ल्याउँछ। तल्लो तहमा सेवा प्रवेश र अनुभव गरेका कर्मचारीहरूले नजिकबाट सेवाग्राहीको समस्या बुझेका हुन्छन् । संवैधानिक नियुक्तिलाई प्रतिस्पर्धामा आधारित बनाउने हो भने कुलिङ पिरियड आवश्यक छैन । भागबण्डामै गर्ने हो भने कम्तीमा दुई वर्ष कुलिङ पिरियड राख्नुपर्छ संक्रमणकालीन व्यवस्थापनका लागि बढीमा १० वर्षसम्म प्रदेश सचिव र प्रमुख प्रशासकीय अधिकृत संघबाटै खटाउने व्यस्था गर्ने हो भने आगामी १२ वर्षसम्म बढुवाका लागि उम्मेदवार हुन कम्तीमा दुई वर्ष प्रदेश सचिव वा प्रमुख प्रशासकीय अधिकृतको पदमा रहेर काम गरेको हुनुपर्ने व्यवस्था राख्नुपर्छ । यसले प्रदेश र स्थानीय तहमा कर्मचारीको सरुवा मागको चाप बढ्छ । अब प्रदेश निजामती सेवा ऐनहरूमा संघीय निजामती सेवा ऐन बमोजिम एकरूपताका लागि सुधार र संशोधन कार्य भने चुनौतीपूर्ण देखिन्छ । सरुवा व्यवस्थापनः सरुवा व्यवस्थित गर्न हालको कानूनले पनि रोकेको छैन, तर कर्मचारी सरुवा सबैभन्दा आलोचित र विवादित बन्दै आएको छ। लोकसेवा पास गर्न सजिलो तर सरुवा गर्न कठिन छ भन्ने भनाइ विकास भइसकेको छ। कर्मचारी पनि मानिस हो, उनीहरूमा फरक-फरक मन, मुटु र दिमाग तथा ज्ञान, सीप र क्षमता हुन्छ भन्ने कुरा मनन गरिनुपर्छ। काज खारेज गर्नुपर्छ । एक मन्त्रालय वा अन्तर्गत सरुवा वा पदस्थापन भएका तह ८ सम्मका कर्मचारीलाई कम्तीमा ५ वर्ष र तह ९-१२ का कर्मचारीलाई कम्तीमा २ वर्ष सोही मन्त्रालयबाट सरुवा नगरिने व्यवस्था गर्नुपर्छ। प्राविधिक प्रकृतिका मन्त्रालयहरूमा आयोजना वा कार्यालयबाट २ वर्ष सरुवा नहुने सुनिश्चित हुनुपर्छ । सचिव पदमा पनि कम्तीमा १ आर्थिक १ मन्त्रालय गर्नु उचित हुन्छ। यति गर्न सके सफ्टवेयर नामको मान्छे चलाउने मेसिन आविष्कार गर्न जरूरी छैन। सफ्टवेयरले कर्मचारी होइन कर्मचारीले सफ्टवेयर चलाउनु व्यावहारिक हुन्छ । भौगोलिक क्षेत्रः ३३ वर्ष पहिले तोकिएका भौगोलिक क्षेत्रको पुनरावलोकन हुनुपर्नेछ। जिल्लागत होइन स्थानीय तहगत रूपमा भौगोलिक वर्गीकरण गर्नुपर्छ । सेवा, समूह र पद अनुसार दरबन्दी नरहेकोमा बाहेक 'क' वर्गको भौगोलिक क्षेत्रमा कम्तीमा १ वर्ष काम नगरेको कर्मचारी बढुवाका लागि उम्मेदवार नै हुन नपाउने र 'घ' वर्गको भौगोलिक क्षेत्रमा काम गरेको नम्बर नपाउने व्यवस्था हुनुपर्छ । यसले दुर्गम क्षेत्रमा कर्मचारीले सरुवा माग्ने चाप बढेर जानेछ भने राजधानी र सुविधासम्पन्न स्थानमा सरुवा हुनु कारबाही भोगेसरह हुनेछ । सेवाको सुरक्षा र विभागीय सजायः कर्मचारीले असल नियतले राज्यको तर्फबाट आफ्नो ओहोदाको जिम्मेवारी पूरा गरेको सन्दर्भमा मुद्दा नचल्ने व्यवस्था हुनुपर्छ। हालको निजामती सेवा ऐनको दफा ५७ र ५८ हुबहु रहनुपर्छ। कार्यालय प्रमुखले ग्रेड थपको पुरस्कार र थप ग्रेड अनुसार कार्यसम्पादन मूल्यांकनमा थप अंक प्रदान गर्न सक्ने व्यवस्था गर्नुपर्छ। यसले चेन अफ कमान्डमा रहन र नतिजा दिन सहयोग पुग्छ ।

**सांभार : अनलाइन खबर ।**

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला




प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday